नेपाली महिलाहरुलाई लक्षित गर्दै देशको दिगो विकास गर्ने तर्फ अग्रसर गराउन नेपालीहरु बाटै नियमित रुपमा अर्थ संकलन गर्ने बानी बसाई नेपालका महिला संस्थाहरुलाई अनुदान सहयोग गर्ने उद्धेश्यले वि.स. २०५३ सालमा यस टेवा महिला कोषको स्थापना भएको हो ।

**परिकल्पना**

अन्याय र भेदभाद रहित देश जहाँ महिलाहरुले आफ्नो हक, अधिकार, शान्ति र स्वतन्त्रताको उपभोग गर्न सक्नेछन् ।

**लक्ष्य**

अनुदान र क्षमता विकासद्धारा महिलाहरुलाई संगठित गरि पक्षपातपूर्ण निति, अभ्यास र सामाजिक कुरितिको विरुद्ध आवाज उठाई त्यसलाई परिवर्तन गर्ने

टेवाको विगत २५ वर्षको अनुभवको आधारमा टेवाले आफ्नो रणनैतिक कार्ययोजना तयार गरेको छ । जस अनुरुप टेवा अनुदान कार्यक्रमलाई पनि परिमार्जन गरेको छ । यस अनुसार टेवा अनुदान कार्यक्रमले महिलाको मुद्धालाई अगाडि बढाउने कृयाकलाप साथै संस्थागत विकास र दिगोपनामा प्रभावकारी उपलब्धि हासिल गर्न जोड दिनेछ । यसको लागि महिलाको आर्थिक, सामाजिक, राजनैतिक अधिकार सुनिश्चित गर्न सिमान्तकृत तथा पछाडि पारिएका महिलाको विकासलाई प्राथमिकता दिइनेछ ।

**टेवा अनुदान कार्यक्रमको रणनिति**

१. क्षमतामा अभिबृद्धिको माध्यमबाट सिमान्तकृत र पछाडी पारिएका महिलाहरुको जीवन परिवर्तन गर्ने उद्धेश्यले गरिने प्रयासहरुलाई सहयोग गर्ने
२. महिलाको आवाजलाई प्रभावकारी बनाउन तथा उनीहरुको मुद्धालाई उजागर गर्नको लागि महिलाको निर्णय गर्न सक्ने क्षमता र नेतृत्व विकास गर्न सहयोग गर्ने
३. निति निर्माण तहमा सहभागि हुने, वकालत गर्ने र प्रभावित पार्न सक्ने महिलाहरुको सक्षम जमात खडा गर्नको लागि महिला आन्दोलनलाई सशक्त पार्न सहयोग गर्ने

**अनुदानको प्रकार**

१ सम्मान अनुदान

यस अनुदानको मुख्य उद्धेश्य टेवाको अनुदान रणनितिलाई सम्बोधन गर्ने गरि महिला सशक्तिकरणको लागि महिला संस्थाको आवश्यकता अनुरुपको कार्यक्रमलाई सहयोग गर्नु हो ।
यस अन्तर्गत निम्न मुद्धाहरुलाई सम्बोधन गर्ने कार्यक्रमहरुको लागि अनुदान दिइनेछ । जस्तै

- महिलाको आर्थिक सशक्तिकरणको लागि गरिने कार्यक्रमहरु
- महिला माथि हुने हिंसा तथा लैङ्गिक भेदभाव विरुद्ध गरिने कार्यक्रम
- महिला कानूनी अधिकार संरक्षणको लागि गरिने कार्यक्रमहरु
- महिला स्वास्थ्य अधिकार संरक्षणको लागि गरिने कार्यक्रमहरु
- महिला राजनैतिक अधिकार संरक्षणको लागि गरिने कार्यक्रमहरु
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकारको लागि गरिने कायक्रम
- सिमान्तकृत र पछाडी पारिएका महिलाहरुको अधिकार संरक्षणको लागि गरिने कार्यक्रमहरु
- नारीवादी धारणा र विचार प्रबर्धनका शिक्षाको लागि गरिने कार्यक्रमहरु
- वातावरणीय न्याय तथा अधिकारका लागि गरिने कार्यक्रमहरु
- अपाङ्गता भएका महिलाहरुको अधिकार संरक्षणको लागि गरिने कार्यक्रमहरु
- निति–नियम निर्माण गर्ने तहमा महिलाहरुको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वको लागि गरिने कार्यक्रमहरु

टेवाले दीर्धकालीन महिला आन्दोलनमा सकारात्मक असर पुग्ने कार्यक्रमलाई विषेश प्राथमिकता दिनेछ ।
यस अनुदान अन्तर्गत प्रस्तावित परियोजनाको प्रकार हेरी बढीमा रु १ लाख सम्म दिन सकिनेछ ।

२. आधार अनुदान

यस अनुदानको मुख्य उद्धेश्य महिला सशक्तिकरणको साथै समुदायमा कार्यरत महिला संस्थाहरुको विकास र दिगोपनको लागि सहयोग पु¥याउनु हो । यस अन्तर्गत महिला सशक्तिकरणको कुनै पनि कार्यक्रमको साथमा संस्थागत विकास र दिगोपनको लागि कार्यक्रम राखेर प्रस्तावना पेश गर्न सकिनेछ ।
यस अन्तरगत संस्था विकास र दिगोपनको लागि गरिने विभिन्न कार्यक्रमहरु पर्दछन्

- संस्थाका सदस्यहरुको क्षमता अभिबृद्दि
- संस्थाको रणनैतिक योजना ,नियमावली निर्माण
- संस्थाको दिगोपनका लागि कृयाकलापहरु

यस अनुदान अन्तर्गत प्रस्तावित परियोजनाको बजेट बढीमा रु ३ लाख सम्मको हुन सक्नेछ ।

३. सुरक्षा अनुदान

यस अनुदान संवेदनशील तथा अत्यन्तै जरुरी परियोजनाहरुलाई प्रदान गरिनेछ । जस्तै

- आपतकालिन अवस्थामा गरिने सहयोगका कार्यक्रमहरु
- नारीबादी आन्दोलनको लागि संचालन गरिने कार्यक्रम, परियोजनाहरु
- महिला सशक्तिकरणको लागि अत्यन्तै जरुरी परियोजनाहरु, जुन परियोजनाहरुलाई टेवाको अन्य अनुदानको दायरा भित्र समेट्न कठिन हुन्छ ।
- महिला मानव अधिकार संरक्षणको लागि कार्यरत संस्था वा व्यक्तिहरु -महिला अधिकारकर्मी ⁄हिंसामा परेका, पारिएका महिलाहरुको लागि

यस अनुदान अन्तर्गत विषय, परिस्थिति र परिवेश हेरी बढीमा रु ३ लाख रुपैंया सम्म दिन सकिनेछ ।

**अनुदान प्रदान गरिने समयबारे जानकारी**

- आधार अनुदान र सम्मान अनुदान वर्षको दुई पटक गरि दिइनेछ ।
  - प्रस्तावना स्वीकृत गरिने मिति श्रावण र मंसिर महिनामा
  - अनुदान रकम प्रदान गरिने मिति प्रस्तावना स्वीकृत भएर सम्पूर्ण प्रकृया पुरा भएपछि प्रदान गरिनेछ ।

- सुरक्षा अनुदान
  - आपतकालिन अवस्थामा गरिने सहयोगको लागी परिस्थिति अनुरुप जतिसक्दो चाँदो (कार्यलय खुल्ने दिन) भित्र स्वीकृत गर्न सकिनेछ ।
  - अन्य प्रस्तावना विषय र परिस्थिति अनुरुप स्वीकृत गर्न सकिनेछ ।

**टेवाले कसलाई अनुदान दिन्छ**

- नेपाल अधिराज्य भित्र कार्यरत नेपाल सरकारका बिभिन्न निकायमा दर्ता भएका महिला संस्थाहरु
  - गैर सरकारी महिला संस्था
  - महिला समूह , संस्था
  - महिला कृषि, बहुउद्देश्यीय सहकारी सस्ंथा, जसको संचित पूँजी ३ लाख भन्दा कम रहेका
  - गैर नाफा मूलक महिला कम्पनी
- संस्थाको कार्यकारिणी समितिमा र कार्यक्रम संचालनमा महिलाको नेतृत्व रहेको हुनुपर्नेछ र कार्यकारिणी समितिमा महिलाको बाहुल्यता (९०%) रहेको ।
- कार्यत्रमको लक्षित समूह महिला विशेष गरि सिमान्तकृत र पछाडि पारिएका वर्गको महिलालाई ग्राह्यता दिइनेछ । पारदर्शिता, जवाफदेहिता, सुशासन तथा सहभागिता मुलक निर्णय प्रकृया अपनाएको संस्थाहरुले प्राथमिकता पाउनेछ
- विकट भौगोलिक क्षेत्रका महिला संस्थाहरुलाई प्राथमिकता दिईनेछ ।
- आफ्नो विधानको दायरा भित्र रहेर कार्यरत रहेको संस्था हुनु पर्नेछ ।
- महिला अधिकारकर्मी (व्यक्तिगत वा संस्थागत) हुन सक्नेछ ।
- नारीबादी चिन्तनको विकासको लागि कार्यरत संस्था हुनुपर्ने ।

**टेवाले कसलाई अनुदान दिदैन**

- व्यक्तिगत रुपमा कसैलाई पनि सहयोग गर्दैन (सुरक्षा अनुदान अन्तर्गत महिला अधिकारकर्मी बाहेक)
- महिलाको मुद्दामा काम नगर्ने संस्था
- पुरुष नेतृत्व भएको संस्था
- राजनैतिक वा धार्मिक दलबाट प्रभावित भएको संस्था
- निजी तथा व्यापारिक संस्था

**आवेदन दिने बिधि**

- टेवा अनुदान समितिको नाममा ईच्छुक संस्थाले आफनो उद्देश्य र कार्यविवरण खुलाई टेवाको परियोजना प्रस्तावना फारम भरेर आवेदन दिनुपर्नेछ ।
- परियोजना प्रस्तावना फारमको लागि हाम्रो कार्यालयमा सम्पर्क गर्नसक्नु हुनेछ अथवा हाम्रो वेभसाईट बाट पनि प्राप्त गर्नसक्नु हुनेछ ।
- परियोजना प्रस्तावना फारमको साथमा सम्पूर्ण आवश्यक कागजातहरु संलग्न गरी बुझाउनु पर्नेछ ।
- प्रस्तावना अध्ययन विश्लेषणको क्रममा टेवाले संस्था, प्रस्तावना सम्बन्धि सोधपुछ र थप जानकारी माग गर्न सक्नेछ ।
- प्राप्त भएका आवेदनहरुको अध्यन गरि टेवाले छनौट प्रकृयाको क्रममा स्थलगत सर्वेक्षण तथा निरिक्षण पनि गर्न सक्नेछ । त्यसको लागि संस्थाले निरिक्षण टोलीलाई उचित वातावरण प्रदान गर्नु पर्नेछ । सो निरिक्षण टोलीको प्रतिवेदन अन्तिम छनौटको लागि सहायक हुनेछ ।
- प्रस्तावना पठाउने संस्थाको छनौट गर्दा टेवाको नेटवर्कमा रहेका अन्य संस्थाहरुसंग पनि सल्लाह र सुझाव लिई निर्णय गरिनेछ
- प्रस्तावित परियोजनालाई अनुदान दिने नदिने अन्तिम निर्णय टेवाको कार्यकारिणी समितिले गर्नेछ ।

**अन्य जानकारीको निम्ति तलको ठेगानामा सम्पर्क गर्नु होला**

**टेवा Tewa**

पेष्ट बक्स न ११ धापाखेल, ललितपुर, नेपाल
टेलिफोन न ०१ – ५२२९०४५ र ५२२९०५४ र५२२९०५९
फयाक्स नं ९७७९१९५२२९०४५
इमेल: anuja@tewa.org.np; info@tewa.org.np
वेभ साईट: www.tewa.org.np

# समता न्याय र शान्तिका लागि सत्कार्य

टेवाTewa

# *टेवा अनुदान चिनारी*